बैठक संख्याः-४२

आज मिति २०८० साल पौष १८ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. का.वा.वडा अध्यक्ष | श्री योगचन्द्र आङ्वोहाङ | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन वुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं. २ -** बिर्तामोड नगरपालिका वडा नं ८ स्थित देवनियामा दुर्गा देवी गुठीको नाममा दर्ता कायम रहेको जग्गामा शैक्षिक गुणस्तर सुधार र सृजनात्मक अध्ययनको लागि सौर्यमण्डल/चन्द्रमण्डल सम्बन्धी ज्ञान उपलब्ध गराई विद्यार्थीको बौद्धिक विकास हुनेगरी प्लानेटेरियम सहितको साईन्स सिटी निर्माण गर्न संघिय सरकारको विशेष अनुदानको कार्यक्रममा प्रस्ताव पेश गर्ने निर्माण गरियो।

**निर्णय नं. ३ -** बिर्तामोड नगरपालिका वडा नं. ३ देखि वडा नं.२ जोड्ने गोकुलजोशी सडक निर्माण लाई निरन्तरता दिनेगरी प्रदेश समपुरक कार्यक्रममा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ -** मिति २०८०।०९।१८ गतेको नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिले बिर्तामोड नगर अस्पतालमा २४ घण्टा सेवा दिने गरि इमरजेन्सी तथा विरामी वार्ड र डाइलाइसिस सेवा समेत संचालन गर्न देहायका कर्मचारीहरु आवश्यक परेकोले उक्त कर्मचारीको दरवन्दी देहाय बमोजिम स्वीकृत गरि पदपूर्ति गर्ने निर्णय गरियो।

देहायः

१. मेडिकल अधिकृत आठौं- ३
२. हेल्थ असिस्टेन्ट पाचौ- १
३. स्टाफ नर्स पाँचौं- ४
४. अ.हे.व. चौथो-५
५. अ.न.मि. चौथो -५
६. रेडियोग्राफर पाँचौं-१
७. ल्याव टेक्निसियन चौथो-२
८. ल्याव असिस्टेन्ट पाँचौं- १
९. कम्प्युटर अपरेटर चौथो-२
१०.कार्यालय सहयोगी-१२

CamScanner

**निर्णय नं. ५ - विविध**

१.आ.व. २०८०।०८१ को स्वीकृत बजेट तथा कार्यक्रममा तराई मधेश समृद्धि कार्यक्रम शसर्त शिर्षकमा विराट भरत विश्रान्ती ज्येष्ठ नागरिक भवन तथा उधान निर्माण, बिर्तामोड ३ को लागि रु ९९४५६६१।- लागत स्टिमेट स्विकृत गरि यस कार्यालयबाट मिति २०८०।०९।०८ मा उक्त योजना उपभोक्ता समिति मार्फत गर्ने गरि सम्झौता भएकोमा तराई मधेश समृद्धि कार्यक्रम कार्यविधि २०७९ अनुसार स्थानीय तहको ३० प्रतिशत र उपभोता समितिको १० प्रतिशत सहभागिता रहनुपर्ने व्यवस्था भएकाले अन्यथा हुन गएको हुँदा तराई मधेश समृद्धि कार्यक्रमको ७० प्रतिशत, स्थानीय सरकारको ३० प्रतिशत र १० प्रतिशत उपभोक्ता समितिको रहने गरि व्यवस्था मिलाउने निर्णय गरियो।

२. चालू आ.व.को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार विपन्न गरिव परिवारहरुको निशुल्क स्वास्थ्य बिमा गर्न १० वटै वडाले प्रति वडा २०० (दुई सय) का दरले दुई हजार परिवार विपन्न परिवारहरु छनौट गर्ने र नगरपालिकाको कार्यालयबाट थप ४००(चार सय) विपन्न परिवार छनौट गरि जम्मा २४०० परिवारको साझेदारीमा स्वास्थ्य विमा गर्ने साथै स्वास्थ्य विमा गर्ने परिवारले साझेदारी वापत विमा प्रमियमको २० प्रतिशत रकम तिर्नेगरि व्यवस्थापन गर्ने निर्णय गरियो।

३. चालू आ.व. २०८०।०८१ को लागि संघिय सरकार तराई मधेश समृद्धि कार्यक्रममा हर्कलाल मार्ग सन्तोष गिरीको घर हुदै बुद्धनगर जाने सडकमा नाला निर्माण तथा पेवर्स जडानको लागि वजेट माग प्रस्ताव गरि पठाउने निर्णय गरियो।

४. आगामी आ.व. २०८१।८२ का लागि संघिय सरकार तराई मधेश समृद्धि कार्यक्रममा बिर्तामोड न.पा.वडा नं. ८ प्रगतिनगरबाट शंकरवाडी हुदै हर्चना जोड्ने सडक निर्माणको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

५. किरात याक्थुङ चुम्लुङ बिर्तामोड नगर शाखालाई प्रकृति पुजक किराँत धर्मावलम्वीहरुको महान चाड चासोक तङ्नाम कार्यक्रमको लागि धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट बजेट बिनियोजन हुने गरी रु. ७०,०००।-(सत्तरी हजार) उपलब्ध गराउने निर्णय गरियो।

CamScanner